नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभाग अन्तर्तगको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरबाट मिति २०८३।०३।१६ गते श्री गृह संचार तथा कानून मन्त्रालय (जनकपुरधाम, धनुषा), जिल्ला प्रशासन कार्यालय (धनुषा) मधेश प्रदेशका मा. मन्त्री फकिरा महतोज्यू समेतको संयुक्त अनुगमन टोलीले धनुषा जिल्लाले छोएको पूर्व-पश्चिम राजमार्ग आसपास अवस्थित होटल रेष्टुरेन्टको अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख भए अनुसार आवश्यक कारवाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण प्रकाशित गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १ | बौबा स्टाफ लाइन होटल, मिथिला-९, धनुषा | • पकाएर खाने माछा तथा मासुमा कृत्रिम खाद्य रंग प्रयोग गरेको<br>• फ्राइङ्ग तेलको TPM Value परिक्षण गर्दा ५०.०% भई मापदण्ड प्रतिकूल पाइएको<br>• भान्सा र भाँडा माइने स्थान एकै ठाउँमा रहेको<br>• प्रिन्टेड कागजले तयारी मासु छोपेर राखेको<br>• सरसफाईमा कमी रहेको। | • उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम सहायक प्रमुख जल्ला अधकारीज्यू बाट रू. २५,००० (रुपैयाँ पच्चिस हजार) जरिवाना गरिएको<br>• देखिएका कैफियत सुधार गरि पन्ध्र (१५) दिन भित्र प्रमाण सहित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने<br>• कृत्रिम खाद्य रंग प्रयोग भएको र TPM value ५०% भएको तेल प्रयोग गरि तयार गरिएको माछा करिव तिन (३) केजी र मासु करिव पाँच (५) केजी नष्ट गरिएको<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्ने<br>• सरसफाईमा ध्यान दिने। |
| २ | श्रेष्ठ जेनरल सप्लायर्स, मिथिला-१०, धनुषा | • भारतमा उत्पादित लेवल विवरण पुरा नभएको शंकर भोग ब्रान्डको आटा तेर्ह (१३) के जि को चार (४) प्याकेट फेला परेको । | • लेवल हेरेर मात्र खरीद विक्री गर्न<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्न |

| | | | |
|---|---|---|---|
| | | | • लेवल नभएको शंकर भोग ब्रान्डको आंटा तेह्र (१३) के जि को चार (४) प्याकेट नष्ट गरिएको। |
| ३ | होटल सिद्धार्थ एण्ड थकाली भान्सा घर, मिथिला-१० | • सरसफाइको अवस्था सामान्य रहेको। | • खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| ४ | थापा होटल एण्ड गेष्ट हाउस, मिथिला-१० | • उत्पादन मिति ०७/०७/२०२५, Best before 9 Months भई उपभोग्य मिति सकिएको Club Soda, २५० मि लि को फेला परेको<br>• भान्सामा लेवल नभएको Synthetic Food Colour Slution को बट्टा पकाउने प्रयोजनको राखिएको पाईयो<br>• उपभोग्य मिति समाप्त भएको Soup Powder – चार (४) पाकेट पाईएको। | • देखिएका कैफियत सुधार गरि पन्ध्र (१५) दिन भित्र प्रमाण सहित जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने<br>• उपभोग्य मिति सकिएको विवरणमा उल्लेख भएको खाद्य पदार्थ नष्ट गरेको<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| ५ | होटल ग्रिन हाउस, मिथिला-१० | • मुल्य वढी भएको गुनासो भएकोले घटाउन निर्देशन दिएको। | • खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| ६ | होटल कोशी, मिथिला-१० | • सरसफाइको अवस्था सामान्य रहेको। | • खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| ७ | पुकार होटल, मिथिला-१० | • सरसफाइको अवस्था सामान्य रहेको। | • खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| ८ | गौतम होटल वर्दिवास प्रा.लि, मिथिला-९ | • उपभोग्य मिति समाप्त भएको पच्चोस (२५) ग्रामको कसोरी मेथी (Kasoori Methi) पाँच (५) थान, पचास (५०) के जि को मैदा दुई (२) थान फेला परेको<br>• पकाउने प्रयोजनको लागि कृत्रिम खाद्य रंग प्रयोगमा रहेको पाइयो<br>• खाद्य र अखाद्य पदार्थ एकै ठाउमा भण्डारण भएको। | • उपभोग्य मिति समाप्त भएको विवरणमा उल्लेखित खाद्य पदार्थ नष्ट गरेको<br>• FIFO (First In First Out) पद्धतिको प्रयोग गर्ने<br>• पकाउने प्रयोजनको लागि कृत्रिम खाद्य रंग प्रयोग नगर्ने<br>• खाद्य र अखाद्य पदार्थ एकै ठाउमा भण्डारण नगर्ने<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्ने। |

| | | | |
|---|---|---|---|
| ९ | कोमल होटल प्रा.लि, मिथिला-९ | • लेवल विवरण नभएको दुई (२) थान चाउमिन र उत्पादन मिति नभएको दुई (२) थान पाँचसय (५००) ग्रामको वेसन फेला परेको,<br>• पकाउने प्रयोजनको लागि कृत्रिम खाद्य रंग प्रयोगमा रहेको पाइयो। | • लेवल नभएको विवरणमा उल्लेखित खाद्य पदार्थ नष्ट गरेको<br>• पकाउने प्रयोजनको लागि कृत्रिम खाद्य रंग प्रयोग नगर्ने<br>• खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम स्वच्छता तथा गुणस्तर कायम गर्ने। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः ९** | | | |


डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
मिति २०८३-०३-१९

## <u>अनुगमनका केही झलकहरू</u>










OS280
TPM
50.0%
Auto
Hold

